नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

साउन/भदौ २०७० (August 2013) वर्ष १७/अङ्क १९७

## ‘ख्रीष्टमा – हामी विजयीहरूभन्दा पनि अझ बढी छौं’

- पाष्टर रोबर्ट कार्थक

ख्रीष्टमा विश्वास गर्नेहरूको निम्ति विजय एउटा वरदान हो, इनाम होइन । १ कोरिन्थी १५:५७ ले भन्दछ, ‘परमेश्वरलाई धन्यवाद होस् जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ ।’ व्यवस्था २०:४ मा पनि लेखिएको छ, ‘किनभने परमप्रभु तिमीहरूका परमेश्वर नै तिमीहरूका शत्रुहरूका विरुद्धमा लडेर तिमीहरूलाई विजय दिनलाई तिमीहरूका साथसाथै जानुहुन्छ ।’ यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने हाम्रो विरुद्ध को हुन सक्छ ? परमेश्वर स्वयं हाम्रो पक्षमा हाम्रा शत्रुहरूका विरुद्धमा लडिदिनुहुन्छ । उहाँले नै हाम्रा शत्रुहरूमाथि विजय प्राप्त गर्नुहुन्छ । त्यो विजय हामीलाई वरदानस्वरूप सित्तैमा दिनुहुन्छ । हामी आफैले हाम्रा शत्रुहरूलाई जितेर विजय प्राप्त गर्न पर्दैन । यसैले विजय चाहिँ हाम्रो निम्ति परमेश्वरबाट विश्वासद्वारा थाप्ने एउटा वरदान हो, आफैले शत्रुलाई जितेर पाउने इनाम होइन । २ शमूएल ८:६ र १४ मा हामी यही कुरो दुई पल्ट पढ्छौं, ‘...दाऊद जहाँ जहाँ गए त्यहाँ त्यहाँ परमप्रभुले तिनलाई विजय दिनुभयो ।’ परमप्रभुले आफ्ना मानिसहरू-लाई तिनीहरूका शत्रुहरूमाथि विजय दिनुभएको कुरा बाइबलमा अरू ठाउँहरूमा पनि लेखिएको हामी भेट्टाउँछौं ।

हाम्रो विजय कोशिषद्वारा कमाउने इनाम होइन, विश्वासद्वारा थाप्ने वरदान हो । १ यूहन्ना ५:४ ले भन्दछ, ‘किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो ।’

२ इतिहास २० अध्यायमा हामी यहूदाका राजा यहोशापातमाथि मोआबी, अम्मोनी र मिनुईहरूले आक्रमण गरेको कथा पढ्छौं । एउटा ठूलो सैन्यदल तिनको विरुद्धमा युद्ध गर्नलाई आउँदैछ भन्ने खबर पाएपछि राजा यहोशापात र तिनका सबै अफिसरहरू आत्तिए । राजा यहोशापातले देशभरिनै उपवास-प्रार्थनाको निम्ति घोषणा गरे । एकजना लेवी यहजीएलमाथि परमप्रभुको आत्मा उत्रनुभयो र तिनले अगमवाणी गरे, “परमप्रभु तपाईंहरूलाई यही भन्नुहुन्छ, ‘नडराओ, यस ठूलो सैन्यदलदेखि नआत्तिऔ । किनभने लडाईं परमप्रभुको हातमा छ, तिमीहरूको हातमा होइन । ...यो लडाईं तिमीहरूले लड्नेछैनौ । दृढ भएर पर्खिबस । परमप्रभुले तिमीहरूको उद्धारको काम गर्नुभएको तिमीहरू देख्नेछौ । नडराओ, नआत्तिऔ किनभने परमप्रभु तिमीहरूतर्फ हुनुहुन्छ ।’ (२ इतिहास २०:१५-१७ पद) यहजीएलको वचनअनुसार नै सबै कुरा हुन आयो । २ इतिहास २०:२४ पदमा लेखिएको छ, ‘जब उजाड-स्थानमा भएको पहरा राखेको धरहरामा आइपुगेर यहूदाले शत्रुको सैन्यदललाई हेरे, तब त्यहाँ तिनीहरूले उनीहरूलाई भूईंमा मारिएर पडिरहेको देखे अनि उनीहरू एउटै पनि उम्केको थिएन ।’ त्यो लडाईं यहोशापात र तिनका मानिसहरूले लड्न परेन । परमप्रभु आफै तिनीहरूको पक्षमा लडिदिनुभयो अनि तिनीहरूलाई विजय दिनुभयो । यस्ता घटनाबारे बाइबलमा हामी धेरै ठाउँमा पढ्न पाउँछौं ।

येशू प्रभुले आफ्ना चेलाहरूलाई भन्नुभयो, ‘मैले तिमीहरूलाई यी कुराहरू यस हेतुले भनेको छु कि ममा तिमीहरूलाई शान्ति होस् । संसारमा तिमीहरूलाई संकष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु (यूहन्ना १६:३३) । येशू प्रभुको यो वचनमाथि विश्वास गर्ने व्यक्तिले थाहा पाउँछ – येशू प्रभुले संसारलाई जित्नुभएको छ, संसार हारिसकेको छ, र त्यसलाई फेरि हराइरहने आवश्यकता छैन । त्यसले हाम्रा विरुद्धमा ल्याउने सबै किसिमका रोग-बिमार, चिन्ता-फिक्री, घटी-अभाव, समस्याहरूका माझमा पनि हामी त्यसलाई भन्न सक्छौं, ‘हाम्रा प्रभुले तँमाथि जय पाइसक्नुभएको छ, तँ हारेको शत्रु होस् ।’ आफ्नो विश्वासमा स्थिर भएर त्यसलाई त्यति भने पुग्छ । १ यूहन्ना ५:४ को ‘संसारलाई जित्ने विजय हाम्रो विश्वास हो’ भन्ने कुरोको अर्थ यो पनि हो । फूटबलको खेल-मैदानमा हामी आफैले नखेले पनि हामीले साथ दिएको हाम्रा टीमका एघार खेलाडीहरूले त्यो म्याच जिते भने, “हामीले जित्यौं, हामीले जित्यौं” भन्दै खुशीले कराउँदै चिच्याउँदै हामी जयको नारा लगाउँछौं । ख्रीष्ट प्रभुको विजयनै हाम्रो विजय हो कारण हामी उहाँका मानिसहरू हौं ।

१ यूहन्ना ४:४ ले भन्दछ, ‘मेरा साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वका हौ, र तिनीहरूमाथि विजयी भएका छौ । किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान हुनहुन्छ ।’ १ यूहन्ना २:१३-१४ मा पनि यही कुरो दुईपल्ट दोहोऱ्याइएको छ, ‘युवकहरू, म तिमीहरूलाई लेखिरहेछु ...किनभने तिमीहरूले त्यस दुष्टलाई जितेका छौ ।’ हामी विश्वासीहरू ख्रीष्टमा छौं, यसैले उहाँले पाउनुभएको उहाँको विजय नै हाम्रो विजय हो । विश्वासद्वारा यो विजय हामीले आफ्नो बनाउँदै जानुपर्छ ।

ख्रीष्ट प्रभुले संसारमाथि मात्र होइन तर शैतान, शरीर, पाप, मृत्यु, तथा अरू सबै शत्रुहरूमाथि पनि विजय पाइसक्नुभएको छ । हिब्रू २:१४ ले भन्दछ, ‘छोराछोरीहरू रगत र मासुको सहभागी भएका हुनाले, उहाँ पनि मृत्युको सामर्थ्य भएको शैतानलाई मृत्युद्वारा रद्दी पार्नालाई यिनैको सहभागी हुनुभयो । १ यूहन्ना ३:९ मा लेखिएको छ, ...शैतानका कामहरू नष्ट पार्नालाई नै परमेश्वरको पुत्र प्रकट हुनुभएको हो ।’ बाइबलमा यसरी पनि लेखिएको छ, ‘उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि विजय प्राप्त गर्नुभयो,र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो (कलस्सी २:१५) ।

हामीले विश्वासद्वारा प्रभुबाट वरदानस्वरुप विजय प्राप्त गर्न सक्छौं भनेको चाहिँ हामीले युद्धनै लड्नु पर्दैन भनेको होइन । युद्धनै नलडे त विजय कसरी पाउने ? हामीले जान्नपर्ने कुरोचाहिँ हाम्रो विजय निश्चित छ कारण प्रभुले हाम्रा शत्रुहरूमाथि विजय पाइसक्नुभएको छ ।

अब हामी विजयको निम्ति लड्दैनौं, हामी विजयको ठाउँबाट लड्छौं । वास्तवमा अब हामीले जय पाउनालाई शत्रुसँग लडिरहनु पर्दैन । त्यस दुष्टलाई हामी भन्न सक्छौं, ‘तँ हारेको शत्रु होस् । हाम्रा प्रभुले उहाँको क्रूशको मृत्यु र जयवन्त बौरी उठाइद्वारा तँमाथि जय पाइसक्नुभएको छ । उहाँसँगै हामी पनि तँमाथि विजयी भइसकेका छौं ।’ त्यससँग तर्क-वितर्क गरेर नै त्यसलाई हराउने कोशिष गर्न पर्दैन कारण त्यो तर्क गर्नमा साह्रै बाठो छ । त्यसको सामना गर्दा येशू प्रभुले गरेझैं, ‘परमेश्वरको वचनमा लेखिएको’ भन्दै त्यसका झूठा कुराहरूलाई वचनको सत्यताद्वारा खण्डन गर्दै जानमा नै हाम्रो विजय रहन्छ ।

एफिसी ६:१०-१७ अनुसार हाम्रो युद्ध सांसारिक वा शारीरिक होइन ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** | **भैंसेपाटी** |
| **साउन २६ गते अगष्ट १० ता.** | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>एल.पी. न्यौपाने | एल्डर<br>सीता गुरूङ्ग | पाष्टर<br>दफ्तन सादा | श्रीमती<br>सारा खालिङ | एल्डर<br>दिल थापा |
| **भदौ १ गते अगष्ट १७ ता.** | डीकन<br>घनश्याम दाहाल | एल्डर<br>पूर्ण सुनुवार | पाष्टर<br>अशोक मुखिया | श्री<br>छचोगेन रोंगोंग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>रूद्र राई | श्री<br>स्टिफन राई |
| **भदौ ८ गते अगष्ट २४ ता.** | डीकन<br>सिमोन पाठक | श्री<br>रमेश लामा | डीकन<br>जेम्स राई | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>वीर ब. देउला | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| **भदौ १५ गते अगष्ट ३१ ता.** | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>सामुएल क्षेत्री | एल्डर<br>सिमोन खालिङ | डीकन<br>घनश्याम दाहाल | श्री<br>अन्जान घले | श्री<br>कुमार राई |
| **भदौ २२ गते सेप्टेम्बर ७ ता.** | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | डीकन<br>मान बहादुर मगर | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द्र रोंगोंग<br>पा. दफ्तन सादा | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

हाम्रा युद्धका सारा हात-हतियारहरू -सत्यको पटुका, धार्मिकताको छाती-पाता, सुसमाचारका जुत्ता, विश्वासको ढाल, मुक्तिको टोप सबै हाम्रो सुरक्षाको निम्ति मात्र हुन् खाली आत्माको तरवार 'परमेश्वरको वचन' शत्रुको विरुद्धमा चलाउने हतियार हो । हामीले यो हतियार चलाउन पर्छ । यो युद्ध मानिसहरूको विरुद्धमा होइन तर प्रधानताहरू, अधिकारहरू, यस अन्धकारका सांसारिक शासकहरू र स्वर्गीय स्थानहरूमा दुष्टचाईंका आत्मिक सेनाहरूका विरुद्धमा हो । यसैले हाम्रा युद्धका हतियार पनि शारीरिक होइनन् । (२ कोरिन्थी १०:४) परमेश्वरका सारा हात-हतियार धारण गरेर शत्रुका सामने खडा रहनलाई पावल विश्वासीहरूलाई आदेश दिन्छन् । सारा हात-हतियारले सुसज्जित भएर शत्रुको सामने खडा रहने कुरो पावल एफिसी ६:११, १३-१४ पदमा तीन पल्ट बताउँछन् कारण आत्मिक युद्धमा खडा रहने कुरो अत्यन्तै महत्त्वपूर्ण छ । शत्रुको विरोध गर्नु भनेको नै त्यसको विरुद्धमा खडा हुनु भनेको हो । येशू प्रभुले शैतान, संसार, शरीर, पाप, मृत्यु तथा सबै शत्रुहरूमाथि जय पाइसक्नुभएको छ भन्ने कुराको घोषणा गर्दै आफ्नो विश्वासमा खडा रहनमा नै हाम्रो विजय छ ।

रोमी ८:३७ मा पावल लेख्तछन्, '...हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजयीहरूभन्दा पनि अझ बढी छौं ।' 'बढी हुनेछौं' भन्ने भविष्यको आशा होइन, 'बढी छौं' भन्ने वर्त्तमानको विश्वास हो ।

'परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई ख्रीष्टमा सधैं विजयको निम्ति डोऱ्याउनुहुन्छ' (२ कोरिन्थी २:१४) ।

## जानकारी

१) असार २१ गते/जुलाई ५ ता. शुक्रबार नेइम ललितपुर मण्डलीको १६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२) साउन १२ गते/जुलाई २७ ता. शनिबार नेइम जोरपाटी मण्डलीमा २१ जनाको समर्पण भयो ।

३) साउन १७ गते/अगष्ट १ ता. बिहीबार नेइम गोंगबूँ मण्डलीको ७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।



नेइम सिर्जनानगर मण्डलीको सदस्या श्रीमती देवकी विष्ट ५२ वर्षको उमेरमा असार २३ गते/जुलाई ७ ता. आइतबार प्रभुमा सुत्नुभयो ।

**नेइम परिषदको बैठक**

अगष्ट २५ ता./भदौ ९ गते आइतबार नेइम परिषदको बैठक बिहान १०:०० बजे ज्ञानेश्वर चर्च

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान , ताहाचल |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश — दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **गाम्छा** | **सुन्दरीजल** | **जहरसिंह पौवा** | **गोंगबूँ** | **धापासी** | **रानीपौवा** | **साहुगाउँ** |
| **साउन २६ गते अगष्ट १० ता.** | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | डीकन बेन्जामिन तामाङ्ग | एल्डर धन ब. तामाङ्ग |
| **भदौ १ गते अगष्ट १७ ता.** | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा-जोरपाटी चर्च** | | पाष्टर महेश थाँजु | पाष्टर दफ्तन सादा | एल्डर दिनेश न्यौपाने | श्रीमती रीना तामाङ्ग | डीकनेस् आशमाया तामाङ्ग |
| **भदौ ८ गते अगष्ट २४ ता.** | एल्डर गोपी राई | श्री लाक्पा लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर जमान तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन घनश्याम दाहाल | श्री सुरेन्द्र सापकोटा | डीकन हनोक तामाङ्ग |
| **भदौ १५ गते अगष्ट ३१ ता.** | एल्डर जमान तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | श्री पिटर लिम्बू | एल्डर दिल थापा | श्रीमती कुमारी सेन्चुरी | एल्डर धन ब. तामाङ्ग |
| **भदौ २२ गते सेप्टेम्बर ७ ता.** | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | एल्डर गोपी राई | श्री लाक्पा लामा | पाष्टर एल.पी.न्यौपाने | पाष्टर रोल्याण्ड रोंगोंग | संयुक्त सेवा गोंगबूँ चर्च | डीकनेस् आशमाया तामाङ्ग |

## हार्दिक बधाई



असार ३० गते/जुलाई १४ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू श्री सुपेन्द्र घिसिङ्ग र सुश्री अनु मगरको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती सुपेन्द्र/अनु घिसिङ्ग लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



साउन ८ गते/जुलाई २३ ता. मंगलबार नेइम ललितपुर मण्डलीको सदस्यहरू श्री श्याम लो र सुश्री शान्ता पाखीनको नेइम कुवापानी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती श्याम/शान्ता लो लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार ३१ गते/जुलाई १५ ता. सोमबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्या सुश्री सुनिता दर्नाल र ज्योति चर्च, दमकको सदस्य श्री मनोज सुनामको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती मनोज/सुनिता सुनाम लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



साउन १६ गते/जुलाई ३१ ता. बुधबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्या सुश्री सिम्रन शाही र ललितपुर ख्रीष्टियन मण्डलीको सदस्य श्री मनोज खत्री को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती मनोज/सिम्रन खत्रीलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१) प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समभ्रूदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

२) नेइम परिषद्का एल्डर, डीकन, डीकनेस्हरूको सेवकाई, काम-व्यवसाय, परिवार साथै उहाँहरू एउटै दर्शनमा रहेर मण्डलीलाई डोऱ्याउन सकून् ।

३) नेइम अन्तरगतका सम्पूर्ण मण्डलीहरूको अगुवाहरू, सेवा संगतिहरू, साथै सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।

४) वर्षायामको समयमा विभिन्न ठाउँ–ठाउँमा बाढी पहिरो गएको कारण संकष्टमा परेकाहरूले समयमा नै राहत पाउन सकून् साथै बाढी पहिरोको कारण महामारी फैलिनदेखि परमेश्वरले नै जोगाउनुभएको होस् । कुनै न कुनै माध्यमद्वारा साँचो परमेश्वरलाई चिन्न सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २० 4<br>अगुवाको स्थानमा रहनुभएका-हरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्न सकून् र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | २७ 11<br>संसारका सबै मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>यशैया ५५:१-३ | २ 16<br>सम्पूर्ण विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाइ, प्रशंसा कहिले पनि नरोकेको होस् ।<br>प्रेरित २:४२-४७ | ९ 23<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ | १६ 30<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा गएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **सोमबार**<br>**Monday** | २१ 5<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | २८ 12<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवाकाई, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | ३ 17<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकश ३:१५-१६ | १० 24<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ | १७ 31<br>आशिषित भएर जिउनको लागि दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ |
| **मंगलबार**<br>**Tuesday** | २२ 6<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>यूहन्ना १५:१६, कलस्सी ३:२३-२४ | २९ 13<br>प्रभुले मण्डलीमा थपिरहनु-भएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | ४ 18<br>मण्डलीमा भइरहेको आत्मिकी सभामाको लागि प्रार्थना गरौं ।<br>लेवी २६:१२-१३ | ११ 25<br>चाडपर्वको समयमा अधुरा घर परिवारमा भएका विश्वासी हरू सबै परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल रहन सकून् ।<br>यूहन्ना १६:३३, १५:१८-१९ | १८ September 1<br>मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै अघि बढेर जान सकौं ।<br>उत्पत्ती १:२८, २ पत्रुस १:३ |
| **बुधबार**<br>**Wednesday** | २३ 7<br>घरेलु संगतिका सबै अगुवा-हरूले आफ्नो झुण्डलाई हुर्का-उन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | ३० 14<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८, २:६-७ | ५ 19<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष र आत्मिक उन्नतिको कारण हुन सकोस् ।<br>रोमी १४:१९, १ थे. ५:११ | १२ 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | १९ 2<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११ |
| **बिहीबार**<br>**Thursday** | २४ 8<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>मर्कूश १०:१३-१६, लूका २:४०, ५२ | ३१ 15<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको इच्छा अनुसार जिउनको लागि पवित्र आत्माको सहयता मागीदिऔं ।<br>एफिसी ५:१५-२१ | ६ 20<br>हामी सजिलैसित अल्मलाउने कुराहरूलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>१ थे. ५:२४, हिब्रू १२:१-२ | १३ 27<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | २० 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरू लाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५,यू. १६:१३-१५ |
| **शुक्रबार**<br>**Friday** | २५ 9<br>वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाइ र अभिषेक मागिदिऔं ।<br>मत्ती ४:४, यशैया ५५:११ | ३२ 16<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८ | ७ 21<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० | १४ 28<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>याकू ४:८-१० | २१ 4<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ |
| **शनिबार**<br>**Saturday** | २६ 10<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएको प्रार्थनाको पाएको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं ।<br>रोमी ८:२८ | १ भदौ 17<br>उपवास प्रार्थनामा चढाइएको प्रार्थनाद्वारा सबै क्षेत्रमा अझ आशिषित हुन सकून् ।<br>मत्ती ७:७-११ | ८ 22<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १५ 29<br>परमप्रभु परमेश्वरले यो वर्षभरि मण्डलीलाई साथै मण्डली बाहिरको क्षेत्रमा पनि दिनुभएको प्रशस्त आशिषको लागि उहाँलाई महिमा दिऔं ।<br>भजनसंग्रह ५०:२३ | २२ 5<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भागलिन सकून् ।<br>हिब्रू १०:२३-२६ |

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्बदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।**

**यशैया २६:३-४**